१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष–१६ ।। अङ्क : ११५ ॥ २०८१ जेठ २३ गते बुधबार (5th Jun 2024 Wednesday) | Pratidin National Daily | मूल्य–रु.५/–



**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।**

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
- वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### झापामा बाढीको उच्च जोखिम

# विपद व्यवस्थापनको एकीकृत अभ्यास



झापा(प्रस) । बाढीको उच्च जोखिममा रहेको झापामा विपद व्यवस्थापनको एकीकृत अभ्यास गरिएको छ । नेपाली सेनाको अरिदमन गण चारआली ब्यारेकको परिकल्पनामा एकीकृत अभ्यास मनसुन-४ कार्यक्रमअन्तर्गत सामुदायिक विपद् व्यवस्थापन नमुना अभ्यास गरिएको हो । मंगलवार झापाको मेचीनगर-१३ र १४ मा रहेको निचाफोडा सिमसार क्षेत्रमा विपद व्यवस्थापनसम्बन्धी बृहत डेमोस्ट्रेसन गरिएको थियो ।

अरिदमन गणमा नेपाली सेनाले संचालन गर्दै आइरहेको अभ्यास मनसुन-४ कार्यक्रमअन्तर्गत बिषयगत प्रस्तुतिकरण तथा गोलबन्ध अभ्यास (टीटीएक्स) संचालन भएको थियो।उक्त कार्यक्रममा आधारित रहेर निचाफोडा सिमसार क्षेत्रमा विपद् व्यवस्थापनसम्बन्धी नेपाली सेना अरिदमन गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला रेडक्रस झापाले संयुक्त रुपमा डेमोष्ट्रेशन गरेका हुन् । उक्त अभ्यासमा बाढीको डुबानमा परेका गाउँबस्तीका स्थानीयहरुलाई तत्काल उद्धार गरेपश्चात् प्राथमिक उपचार गरी अस्पतालसम्म लैजाने, स्थानीय साधन र स्रोतहरु प्रयोग गरी डुबानमा परेका व्यक्तिहरुलाई उद्धारको निमित्त प्रयोग गर्ने साधनहरु प्रयोगबाट उद्धार गर्ने, Under Water Rescue, Highland Rope Rescue, घिर्नी र रोपको सहायताबाट खोचमा परेका व्यक्तिहरुलाई उद्धार गर्ने र जिल्ला रेडक्रस सोसाईटीबाट घाइते तथा बिरामीहरुलाई प्राथमिक उपचार गर्ने र राहत वितरण तथा पीडितहरुलाई व्यवस्थापन गर्ने सम्बन्धी अभ्यास प्रदर्शन गरिएको थियो । जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल रेडक्रस सोसाइटी झापाको सहकार्यमा आयोजित उक्त अभ्यास करिब दुई घण्टा चलेको थियो ।

विपदपश्चातको खोज उद्धार र पुनर्स्थापनामा आधारित विभिन्न क्षेत्रमा कार्यरत व्यक्ति र जनसमुदालाई विपदसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले उक्त अभ्यास गरिएको गणका प्रमुख सेनानी प्राजु बस्न्यातले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी एवम् विपद व्यवस्थापन समिति झापाका अध्यक्ष बन्धुप्रसाद बास्तोलाको अध्यक्षतामा आयोजित कार्यक्रममा नम्बर २१ बाहिनीका बाहिनीपति सहायक रथी युवधीरमान सिंह अधिकारी, अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यात, सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक,

❖ बाँकी तेस्रो पृष्ठमा

# हावाहुरीले गौरीगञ्जका एक दर्जन घरको छानो उडायो

झापा(प्रस) । सोमवार साँझ आएको हावाहुरीले झापाको गौरीगञ्जमा व्यापक क्षति गरेको छ ।

साँझ ७.१० बजे पानीसंगै आएको हावाहुरीले गौरीगञ्ज गाउँपालिका वडा नं. ४ अल्तामारीमा एक दर्जन घरको छानो उडाएको हो । हावाहुरीले गौरीगञ्ज ४ अल्तामारी बस्ने सम्पतलाल राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी १ लाख बराबरको क्षति भएको छ ।

त्यस्तै देवेन रायको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ८ हजार बराबरको क्षति भएको छ भने मेघराज राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको दुई कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ५० हजार बराबरको क्षति पुऱ्याएको छ ।त्यस्तै प्रसादु राजवंशीको टिनको छाना भएको ईटा र सिमेन्टले बनेको ४ कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ५० हजार र रबिन



राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे भुजा मिलको छाना उडाउँदा अन्दाजी ५० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै सोही ठाउँका तारालाल ताजपुरियाको टिनको छाना, बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको दुई कोठे घरको छाना उडाउँदा अन्दाजी ५० हजार बराबरको क्षति भएको छ । त्यस्तै कांग्रेस मुखिया टिनको छाना भएको ईटा र सिमेन्टले बनेको एक कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ८० हजार ,सोमलाल ताजपुरियाको टिनको छाना,बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी २५ हजार , चैतुलाल ताजपुरियाको टिनको छाना, बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी २५ हजार , सोमन राजवंशीको टिनको छाना, बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी ५० हजार , ओमनारायण ताजपुरियाको टिनको छाना, बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी ५० हजार बराबरको क्षति भएको छ । त्यस्तै सशस्त्र प्रहरी बल नेपाल बि.ओ.पि. अल्तामारीको टिनको छाना, बाँसको टाँटीले सेन्ट्रीबेरा भएको एक कोठाको भान्सा घरको छाना उडाउँदा अन्दाजी १ लाख ५० हजार बराबरको क्षति भएको छ । हावाहुरीबाट जम्मा ७ लाख ६० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । हावाहुरीबाट एउटा बिजुलीको पोलसमेत ढलेको जनाइएको छ ।

### एमाले अधिवेशन

# बाह्रदशीमा सापकोटा, भद्रपुरमा नेपाल

झापा(प्रस)। नेकपा एमाले बाह्रदशी गाउँ कमिटीको अध्यक्षमा अग्नीप्रसाद सापकोटा अनिल निर्वाचित भएका छन् । दोस्रो गाउँ अधिवेशनअन्तर्गत भएको निर्वाचनमा १७३ मत ल्याएर सापकोटा अध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी तोयानाथ पोखेललले ११८ मत पाएका छन् । त्यस्तै उपाध्यक्षमा १५५ मतसहित यादवप्रसाद मिश्र निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी ज्ञानु सुवेदीले १३४ मतमा चित्त बुझाउनु पर्यो । त्यस्तै सचिवमा शम्भुसिंह राजवंशी निर्विरोध निर्वाचित भएका छन् भने खुल्ला





उपसचिवमा जयनारायण आचार्य १८९ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी प्रेमबहादुर श्रेष्ठले मात्र ९५ मत ल्याएका छन् । महिला उपसचिवमा भने रविना ढकाल निर्विरोध निर्वाचित भएकी छन् ।

त्यस्तै नेकपा एमाले भद्रपुर नगर कमिटीको दोस्रो नगर अधिवेशनले निर्माण नेपालको अध्यक्षतामा ८३ सदस्यीय नगर कमिटी सर्वसम्मत चयन गरेको छ ।

नगर कमिटीको उपाध्यक्षमा भीम केरुङ सुब्बा, सचिवमा डिल्लीराम पोखरेल, उपसचिवमा चन्द्र तामाङ, महिला उपसचिवमा गोमा घिमिरे सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक असारु राजवंशीले जानकारी दिए । खडानन्द गुरागाईं अध्यक्ष, ज्ञानमणि पोखरेल उपाध्यक्षसहित ७ सदस्यीय लेखा कमिटीको नामावली पनि घोषणा गरिएको उनले बताए । निर्वाचित नयाँ कमिटीलाई कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पोलिटब्युरो सदस्य तथा झापा इन्चार्ज विशाल भट्टराई, नेकपा एमाले कोशी प्रदेश कमिटी सचिवालय सदस्य तथा क्षेत्रीय इन्चार्ज बसन्त बानियाँ, एमाले झापा अध्यक्ष प्रेम गिरी, उपाध्यक्ष शिव ढुङ्गेललगायतले शुभकामना दिएका थिए ।

### चार पुस्तादेखि चिया मजदुर

# ‘छानोले न घाम छेक्छ न पानी ,यस्तै छ मजदुरको जिन्दगानी’

• लक्ष्मी उप्रेती



मेचीनगर । झापा मेचीनगर- ७ की ५० वर्षीया कर्मी मुण्डा करुवाका बाबु असारु मुण्डा चिया बगानमा काम गर्दागर्दै बिते । आमाको समेत सोही चिया बगानमा मजदुरी गर्दागर्दै मृत्यु भयो । हजुरबुवाले समेत बाचुन्जेलसम्म चिया मजदुरकै रुपमा बिताए । उनकै बाबुले बगान बसाएका थिए । बगानमा ६० वर्षसम्म सरदारी काम गर्दागर्दै उनी बिते । आज कर्मीको सिङ्गो परिवार त्यही चिया बगानमा आफ्नो भाग्य र भविष्य खोजिरहेको छ, जहाँ हिजो आफ्नो दुई पुस्ताले भाग्य र भविष्य खोज्दैं गर्दा वितेर गए ।

हजुरबुवा, बाबुआमाले गर्दै आएको चिया मजदुरको काम आज उनीसँगै उनका श्रीमान राम करुवा, चारपुस्ताका छोरा सुरज करुवाले गर्दै आएका छन् । करुवा दम्पत्तिका छोरी मेलिना विहे गर्नुअघि समेत चियाका बुट्टाहरुसँग कहिले चिया टिप्दैं त कहिले चिया गोडमेल गर्ने काम गरेकी थिईन् । उनको चार पुस्ता चिया बगानमा मजदुरकारुपमा काम गर्दै आएको छ ।

बगानका अधिकांश मजदुरका सन्तान यो चिया बगान छाडेर अन्यत्र मजदुरी गर्न गएका छैनन् । दर्जनौं मजदुरका तीन चार पुस्ता यहाँ काम गरिरहेका छन् । दुई दशक अघिदेखि तेस्रो चौथो पुस्ता बगानमा मजदुरी गरिरहेका छन् । चिया बगानमा मजदुरले हरेक दिन मजदुरीमै दिन बिताउनुपर्छ ।

५३ वर्षीया मुन्की करुवाका बाबु निताई करुवाको बगानमै भविष्य खोज्दा खोज्दै जीवन समाप्त भयो । आमा मातुली करुवाको उमेरसमेत चिया बगानमै मजदुर गर्दागर्दै वित्यो । अहिले उनको सिङ्गो परिवार मजदुरीमै रमाईरहेको छ । उनीहरुको भन्दा अलि फरक छ सोही ठाउँका ४७ बर्षका राजन करुवा र लक्ष्मण करुवाको दैनिकी । दुवैले बाबुबाजेको मजदुरी पेशालाई अँगाले पनि आफ्नो चौथो पुस्ताका सन्तानलाई भने बेलैमा विदेश पठाए । सन्तानको राम्रो कमाई भएका कारण आफूहरुमा सन्तुष्टी मिलेको अनुभव सुनाउँछन् ।

राजन आफ्नो परिवारका तीन पुस्ताका चिया मजदुर हुन् । हजुरबुबा मद करुवाले गर्दै आएको काम बाबु सञ्चरुवा करुवाले सर्लक्क समाए । बाबुसँगै आम बैजयन्ती करुवा पनि चिया मजदुरका रुपमा बगानमा भर्ना भईन् । हजुरबाबु र बाबुको निधन भइसकेको छ भने राजनकी आमा उमेरका कारण मजदुरी पेशाबाट अहिले रिटायर भएकी छन् । त्यही कामलाई अहिले राजन र उनकी श्रीमती सुशीलाले निरन्तरता दिदै आएका छन् । तर, दुई सन्तानमध्ये छोरा कतार र छोरी दुवईमा छन् । लक्ष्मणका तीन सन्तानमध्ये दुईजना विदेश र एकजना साथमै छन् । झापाको सतिघट्टा चिया बगानमा अभिभावकसँगै पढ्ने उमेरका बालबालिका पनि मजदुरकारुपमा काम गर्छन् ।

‘पुस्तौदेखि मजदुरी गरैं, थातथलो केही जोड्न सकिनँ,’ कर्मीले भनिन्,’ आर्थिक अवस्था कमजोर हुँदा स्कुल जाने छोराछोरी पनि काम गर्न आउँछन् ।’ उनका छोरा सुरज र छोरी मेलिनाले १०/१० कक्षासम्म त पढे । तर,त्योभन्दा माथि उच्च शिक्षा पढाउन उनको परिवारले नसक्ने भएपछि दुवैले हरेक दिन विहान चिया बगानमा पत्ती टिप्ने, खन्ने, चिया गोडमेल गर्नुको विकल्प थिएन । र, मजदुरी

❖ बाँकी तेस्रो पृष्ठमा


**ऋषिकेश**
**Ayurvedic Hair Oil**
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price ~~Rs. 1500/-~~ Rs. 1050/-

Free Home Delivery



Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# जलेश्वर कीर्तन मण्डलीमा नयाँ समिति



झापा(प्रस)। अर्जुनधारा ८ बिजुली अफिस पूर्वटोलअन्तर्गत रहेको जलेश्वर कीर्तन मण्डलीले सर्वसम्मत रुपमा नयाँ कार्यसमिति चयन गरेको छ ।बिजुली अफिस पूर्वटोलको मातहतमा रहेको जलेश्वर कीर्तन मण्डलीको नयाँ कार्यसमितिको अध्यक्षमा बिमला गौतम,उपाध्यक्ष गोमा दाहाल ,सचिव सीता रेग्मी ,सहसचिव निर्मला भट्टराई,कोषाध्यक्ष कल्पना चौहान तथा सदस्यहरुमा साबित्रा गिरी,सरिता ढुंगेल ,मिरा पोखेल,गिता गौतम र गंगादेवी अधिकारी चयन भएका छन् । ११ सदस्यीय कार्यसमिति रहने प्रावधानअनुरुप हाललाई १० जना चयन गरिएको छ भने बाँकी एक जना कार्यसमितिको पहिलो बैठकले नियुक्त गर्नेछ । नयाँ कार्यसमिति गठनसँगै पद हस्तान्तरण पनि गरिएको छ । टोल समिति अध्यक्ष पुनम चौहानको अध्यक्षता सम्पन्न कार्यक्रममा जलेश्वर कीर्तन मण्डलीकी निवर्तमान अध्यक्ष तारा प्याकुरेलले नयाँ कार्यसमितिलाई खदा ओढाइदिएर जिम्मेवार प्रदान गरेकी थिइन् । उनले आफूले शुरुवाती दिनहरुमा जुन रुपमा मण्डलीलाई अघि बढाएको थिएँ सोहीअनुरुप नयाँ समितिले जलेश्वर कीर्तन मण्डलीको गरिमालाई अझ अघि बढाउन सफल रहोस् भनी शुभकामना ब्यक्त गरेकी थिइन् । कार्यक्रममा नयाँ समितिलाई शुभकामना दिँदै टोल समितिका बिनोद चौहानले आगामी दिनहरुमा जलेश्वर कीर्तन मण्डली सशक्त रुपमा धार्मिक कार्यहरु गर्दै अघि बढ्न सफल रहोस् भन्दै टोल समिति सदैव मण्डलीको साथमा रहने धारणा ब्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन टोल समिति सचिव रमेश नेपालले गरेका थिए भने स्वागत मन्तब्य टोलका कोषाध्यक्ष ध्रुव पोखेलले राखेका थिए । कीर्तन मण्डलीकी नवनियुक्त अध्यक्ष बिमला गौतमले आफ्नो कार्यकालमा टोल समितिको सहयोगले कीर्तन मण्डलीलाई अझ उचाईमा पुर्याउने प्रतिबद्धता ब्यक्त गरेकी थिइन् ।२०८० बैशाख १२ गते स्थापना भएको जलेश्वर कीर्तन मण्डलीले आफ्नो पहिलो बार्षिक उत्सव गत बैशाख ११ गते मनाएको थियो ।






## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ इलाम जिल्ला, इलाम नगरपालिका वडा नं.- २ स्थायी ठेगाना भई हाल इलाम नगरपालिका वडा नं.-७ बस्ने श्री चन्द्र भक्त राजका छोरा, श्रीमती जननी राजका पति श्री कृष्ण भक्त राजको, मिति २०७८/०१/२१ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय इलाममा रहेको बचत खाता नं. 00222300018445000002 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतककी श्रीमती जननी राजले मिति २०७८/०८/२२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०२।२३

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य देदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिलः

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः लेटाङ**<br>**ऋणीः** निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश नं.१, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापा मा मिति २०७८/०१/०८ मा प्रा.फ.र.नं. २१४०/१६११७/२०७८/०१/०८ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०५ स्थित श्री जगदम्बा फार्मेसीका तर्फबाट ऐ. फर्म का प्रोप्राईटर कमल बहादुर बस्नेतको नाती, झमक बहादुर बस्नेतको छोरा, नागरीकता बमोजिम झापा जिल्ला, कमल गाँउपालिका वडा नं. ०४ स्थाई ठेगाना भै हाल सोहि स्थान बस्ने, मिति २०७४/१२/२९ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४-०२-७४-०६७११ भएको वर्ष २४ को **अभिषेक बस्नेत** । | **व्यावसायिक चालुपूँजी कर्जा र डिमान्ड कर्जा** | १) झमक बहादुर बस्नेतको नाममा झापा जिल्ला, मा.पो.का दमकमा, दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स वडा नं. ४ स्थित, कि.नं.४३५३ (चार हजार तिन सय त्रिपन्न) को क्षेत्रफल ०-७-२ (बि.क.धु.) र कि.नं.४७४६(चार हजार सात सय छ्यालिस) को क्षेत्रफल ०-१-३(बि.क.धु.), र कि.नं.३०६ (तिन सय छ) को क्षेत्रफल ०-१-९ (बि.क.धु.) भएको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>२) विना बस्नेतको नाममा झापा जिल्ला, मा.पो.का दमकमा, दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स वडा नं. ४ स्थित, कि.नं.३९३ (तिन सय तिरानब्बे) को क्षेत्रफल ०-०-१४ (बि.क.धु.) र कि.नं.५७०७ (पाँच हजार सात सय सात) को क्षेत्रफल ०-२-१७ (बि.क.धु.), र कि.नं.४७४७ (चार हजार सात सय सड्चालिस) को क्षेत्रफल ०-२-१७ (बि.क.धु.) भएको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत/धितो जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण** | | |
| | नाम :- झमक बहादुर बस्नेत<br>बाबुः- कमल बहादुर बस्नेत<br>बाजे :- हर्क बहादुर बस्नेत<br>ना प्र नंः ४४४(२०५१/०६/३ झापा)<br>ठेगाना :- झापा जिल्ला तोपगाछी गाउँ पञ्चायत वडा नं. ०४ स्थाई ठेगाना भई ाल<br>हाल झापा जिल्ला, कमल गा.पा. वडा नं. ०४ बस्ने | नाम :- अनिल बस्नेत<br>बाबु :- झमक बहादुर बस्नेत<br>बाजे :- कमल बहादुर बस्नेत<br>ना.प्र.नंः०४-०२-७४-०६७१०<br>ठेगाना :- झापा जिल्ला कमल गा.पा. वडा नं. ०४ स्थाई ठेगाना भई हाल सोहि ान स्थानमा बस्ने । | नाम :- विना बस्नेत<br>बाबु :- प्रेम बहादुर न्यौपाने<br>पति :- झमक बहादुर बस्नेत<br>ना.प्र नंः२५१६५(२०६३/०३/११ झापा)<br>ठेगाना :- झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ०४ स्थाई ठेगाना भई हाल पा झापा जिल्ला, कमल गा.पा. वडा नं. ०४ बस्ने । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

कर्जा असुली विभाग

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३

रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

"समुदायमा आधारित पारदर्शी, सबल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"

र.न. ३/१/७( ७८)०५३/५४ श्री पान नं. ३०२०६०६४३

**सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**Satashi Multipurpose Cooperative Society Ltd.**

Grow With Us

प्रधान कार्यलय :- बिर्तामोड-५, झापा
सम्पर्क नं. : ०२३- ५४५२८७ ई-मेल : satashi87@gmail.com वेवसाइट : satashi.coop.np

## धितो लिलामी सम्बन्धी ३५ दिने सूचना

मिति २०८१ जेष्ठ २३

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा लिखित पत्रमार्फत तारताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले सम्पुर्ण कर्जा चुक्ता गर्नको लागि **पूर्वाञ्चल राष्ट्रिय दैनिक** बाट कर्जा चुक्ता गर्ने ३५ दिने सूचना प्रकाशन गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्नतर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरी लिनुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन र सो दिन बिदा परे त्यसको भोलिपल्ट यस संस्थाको कार्यालयमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा खरिद गर्न ईच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर असुल उपरका लागि अन्य कानूनी प्रक्रिया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनाद्वारा सूचित गरिन्छ ।

तपशिल

| क्र.स. | ऋणीको बिवरण | जग्गाको बिवरण |
|---|---|---|
| १ | नाम : ऋषिराज रिजाल ठेगाना : बिर्तामोड-०४<br>बाबुको नाम : दाताराम रिजाल बाजेको नाम : हेमलाल रिजल<br>श्रीमतोको नाम : तारा मिश्र | जग्गाधनीको नाम : ऋषिराज रिजाल<br>जग्गाको साबिक ठेगाना : चकचकी : ०६<br>कित्ता नं. : २१३८, २१३७ क्षेत्रफल : २६२४.३६, ३२९३.१६ व.मि. |
| २ | नाम : पदम बहादुर तामाङ ठेगाना : बिर्तामोड-०५<br>बाबुको नाम : विर बहादुर तामाङ बाजेको नाम : धन बहादुर तामाङ<br>श्रीमतोको नाम : गंगा माया तामाङ | जग्गाधनीको नाम : पदम बहादुर तामाङ<br>जग्गाको साबिक ठेगाना : चकचकी-०६<br>कित्ता नं. : २१३६ क्षेत्रफल : ९४८१.६७ व.मि. |
| ३ | नाम : ग्याबक मेलुङ्ग तामाङ ठेगाना : बिर्तामोड-०५<br>बाबुको नाम : पदम बहादुर तामाङ बाजेको नाम : : विर बहादुर तामाङ | जग्गाधनीको नाम : पदम बहादुर तामाङ<br>जग्गाको साबिक ठेगाना : चकचकी-०६<br>कित्ता नं. : २१३६ क्षेत्रफल : ९४८१.६७ व.मि. |

नोटः यदि धितो लिलाम बिक्री हुन नसकेमा संस्थाले आफै उक्त धितो सदर गरी आफ्ना नाममा नामसारी गरिलिने छ ।

Grow with us

प्रबन्धक
सन्तोष कुमार श्रेष्ठ

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०81/2/23

स संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दासमेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन यो १५ दिने म्याद सहितको सूचना जारी गरिएको छ। अतः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्रमा आफुले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृयाका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सुचित गरिन्छ।

भाखा नाघेको ऋणीहरुको नामावली

| क्र.स. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मिना कुमारी कटुवाल | मेचीनगर-६ | दल बहादुर कटुवाल | इन्द्रबहादुर कटुवाल | हरि बहादुर कार्की | काँकरभिट्टा | मिनाकुमारी कटुवाल | दल बहादुर कटुवाल |
| २ | चङ्खी पाण्डे | मेचीनगर-६ | अग्नीधर गौतम | | मोतीकृष्ण पाण्डे | काँकरभिट्टा | चङखी पाण्डे | अग्नीधर गौतम |
| ३ | अशोक राजवंशी | मेचीनगर-७ | चन्द्रमोहन राजवंशी | मेघलाल राजवंशी | सम्झना राजवंशी | काँकरभिट्टा | अशोक राजवंशी | चन्द्रमोहन राजवंशी |
| ४ | टिकेन्द्र सुब्बा | मेचीनगर-६ | गणेशबहादुर सुब्बा | प्रताप सिँह सुब्बा | विमला सुब्बा | काँकरभिट्टा | टिकेन्द्र सुब्बा | गणेश बहादुर सुब्बा |
| 5 | नारायण प्रसाद ओली | मेचीनगर-७ | रामप्रसाद ओली | नारायण प्रसाद ओली | भिमकुमारी ओली | काँकरभिट्टा | नारायण प्रसाद ओली, कुमार ओली | रामप्रसाद ओली,नारायण ओली |
| 6 | कुमार ओली | मेचीनगर-७ | नारायण प्रसाद ओली | राम प्रसाद ओली | शुसिला सिटौला | काँकरभिट्टा | शुसिला सिटौला,कुमार ओली | ब्रमलाल सिटौला,नारायण प्रसाद ओली |
| 7 | पोष्ट बहादुर ढकाल | मेचीनगर-६ | सनमान ढकाल | वरविर ढकाल | शर्मिष्टा ढकाल | काँकरभिट्टा | शर्मिष्टा ढकाल | चन्द्रकुमार वस्नेत |
| 8 | लिलादेवी घिमिरे | मेचीनगर-६ | गंगा प्रसाद विमली | भोलानाथ विमली | ज्ञानेन्द्रकुमार घिमिरे | काँकरभिट्टा | ज्ञानेन्द्र कमार घिमिरे | तुलसीराम घिमिरे |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**क्षेत्रीय उपसमिति, मेची क्षेत्र**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बाढीको जोखिमबाट जोगिऔं

**झापा जिल्ला बाढीको उच्च जोखिममा रहेको छ। जिल्लाका १५ पालिकामध्ये बाढीको उच्च जोखिममा ६ पालिका छन्। गौरीगञ्ज, कचनकवल, बाह्रदशी, कमल गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढीको उच्च जोखिममा छन्।**

**मेचीनगर, गौरादह, अर्जुनधारा, कनकाई, दमक नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने हल्दिबारी, बुद्धशान्ति गाउँपालिका र बिर्तामोड नगरपालिका न्यून जोखिममा छन्।**

**यो वर्ष अत्यधिक वर्षा हुने मौसम विभागको प्रक्षेपणअनुसार जिल्लामा करिब आठ हजार ९१९ घरधुरी बाढीका कारण प्रभावित हुने आँकलन गरिएको छ। जिल्लामा बाढीबाट विस्थापित हुनसक्ने परिवारलाई राख्न सम्बन्धित स्थानका विद्यालय, सामुदायिक भवन, रेडक्रस, स्वास्थ्यचौकीलगायतका २५० वटाभन्दा बढी स्थानलाई आकस्मिक आश्रयस्थल तोकिएको छ।**

**बाढीका कारण जिल्लामा प्रत्येक वर्ष ठूलो धनजनको क्षति व्यहोर्नु परिरहेको छ। नेपाल रेडक्रस सोसाइटी झापा शाखाको तथ्यांकअनुसार सात वर्षमा बाढीकै कारण ६० जनाको मृत्यु भएको छ। २०७३ देखि २०७९ सम्ममा ६० जनाको मृत्यु र ६ जना बेपत्ता भएको तथ्यांकमा उल्लेख छ।**

**केही वर्षदेखि मौसममा देखिएको परिवर्तनले गर्दा मुलुकभित्र कुनै–कुनै ठाउँमा अत्यधिक मेघ गर्जनसहित पानी पर्ने, कुनै–कुनै ठाउँमा चर्को घाम लाग्ने र हिमाली तथा मध्यपहाडी भागहरूमा बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपहरू निम्तिने गरेको छ। मौसमसम्बन्धी पूर्वानुमान हुन्छ, तर बेमौसमी बर्सातका कारण उच्च जोखिम भएको ठाउँको पुनर्स्थापना र मर्मत–सम्भारको ढिलाइले गर्दा धेरै ठाउँमा प्राकृतिक प्रकोपले जनधनको क्षति निम्त्याइरहेको अवस्था छ। धेरै परिवारको बिचल्ली भएको छ। यो असार, साउन, भदौ महिना भनेको मौसमी वर्षा सुरु हुने समय भएकाले मुलुकको धेरै पहाडी भागमा पहिरो जाने क्रम रोकिएको छैन, बाढीपहिरोको त्रास उस्तै छ। तराईका विभिन्न स्थानमा नदी बढेर डुबान हुने क्रमै छ। तर, बर्सेनि यस्ता घटनाक्रम भइरहँदा यसको रोकथामको उपाय र सुरक्षाको नीतिमा भने राज्य किन कमजोर हुँदै गएको छ ?**

**अहिलेको मुख्य समस्या भनेको मौसमी वर्षाको समय भएकाले ठाउँठाउँमा बाढीपहिरोजस्ता प्राकृतिक विपत्ति जाने क्रम भएकाले यस्ता समस्या रहेका ठाउँमा चाहिँ तत्काल समाधान गर्नुपर्ने देखिन्छ। भौतिक तथा मानवीय रूपमा पनि क्षति निम्तिन्छ, तर यस्तो समस्या हुने ठाउँहरूमा तुरुन्तै पूर्वतयारी गर्नुपर्ने देखिन्छ।**

**हिमाली तथा पहाडी भेगबाट बग्ने नदीको उच्च बहावले तराईका धेरै जिल्लामा बाढीले वितण्डा मच्चाएर धेरै परिवारको बिचल्ली बनाएको बर्सेनि घटना सुनिँदै आएको छ। यस्ता प्राकृतिक विपत्तिको जोखिमबाट बच्न र राहतका लागि पुनर्स्थापना गर्न तत्काल ध्यान दिनु आवश्यक देखिन्छ। सम्भाव्य जोखिमलाई न्यूनीकरण गर्नका लागि सबै नगरपालिकाले सबै ठाउँमा र्‍यापिड रेस्पोन्स टिम निर्माण गरी पानी नपरेको समयमा तुरुन्त पानी जाने निकासको तत्काल समाधान गर्नु जरुरी पनि देखिन्छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# गरिबीविरुद्ध लडाइँ



• कृष्णमणि पराजुली

सामान्य अर्थमा गाँस, बास र कपासको समस्या हुने व्यक्तिलाई गरिब भनिन्छ। अर्को अर्थमा मानिस बाँच्नका लागि आवश्यक न्यूनतम कुरा परिपूर्ति हुन सक्दैन भने त्यस्तालाई पनि गरिब भनिन्छ। शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारीजस्ता मानव विकासका सूचकाङ्कका आधारमा पिछडिएको र राष्ट्रिय विकास प्रक्रियामा आबद्ध हुन नसकेको व्यक्ति वा समूहलाई गरिबीको परिभाषाभित्र राख्न सकिन्छ।

२०१३ सालदेखि योजनाबद्ध विकास प्रक्रिया प्रारम्भ गरियो र अहिले हामी १६ औँ आवधिक योजना तर्जुमाको प्रारम्भिक चरणमा जुटेका छौँ। सबै योजनामा गरिबी न्यूनीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरियो। गरिबी निवारण गर्नका लागि केन्द्रीय सङ्गठनका रूपमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय नै स्थापना गरियो। अहिले मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गरिआएको पनि छ। यद्यपि गरिबी न्यूनीकरण हुन सकिरहेको छैन। गरिबी कुनै एक मन्त्रालयसँग मात्र सम्बन्धित नभएर सबै मन्त्रालय तथा सङ्गठनहरूसँग पनि सम्बन्धित भएको हुनाले सबैले केही न केही कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

लामो समय र धेरै स्रोतसाधन खर्चिंदा पनि गरिबी हटाउन सकिएको छैन। गरिबी न्यूनीकरणकै लागि हामीले स्वदेशी तथा विदेशी ऋण लिएका छौँ। विभिन्न मित्र राष्ट्रबाट अनुदान पनि उपलब्ध भई नै रहेको छ। सरकारले आन्तरिक स्रोतसाधन प्रयोग गरिरहेको छ। अन्तर्राष्ट्रिय निकायको गरिबी निवारणसम्बन्धी कार्यमा प्रत्यक्ष सहभागिता पनि छ। अहिले त स्थानीय तहमा नै ७५३ वटा सरकार छन् र स्थानीय स्रोतसाधनको अधिकतम प्रयोग गरेर आयोजना सञ्चालन गर्नुपर्ने व्यवस्था पनि रहेको छ। पिँधका नागरिकलाई गरिबीबाट माथि उकास्न ग्रामीणस्तरमा सानातिना घरेलु उद्योग, व्यवसाय सञ्चालन गर्ने प्रोत्साहन नीति पनि लिएको देखिन्छ। साथै विदेशी संस्थाबाट सञ्चालन गरिने आयोजनामा स्थानीय श्रम, सिपको प्रयोग गरेर रोजगारी बढाउनुपर्ने व्यवस्था पनि छ।

स्थानीय सरकारले विकास निर्माण कार्य सञ्चालन गर्दा उपभोक्ता समितिमार्फत गराउनु पर्छ। यस्ता कार्यक्रमले स्थानीय श्रमिकको आयमा वृद्धि हुन गई गरिबी घटाउन सहयोग पुग्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्ने व्यवस्था छ। साथै सामाजिक सुरक्षा भत्ता, आर्थिक सहायता, जनता आवास कार्यक्रम, गरिबी निवारण कोष, छात्रवृत्ति कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रमजस्ता थुप्रै कार्यक्रम सञ्चालनमा ल्याइएका छन्। यसरी यो क्षेत्रमा सरकारले ठुलो लगानी गरिरहेको भए पनि गरिबीको अवस्थामा भने अपेक्षित सफलता प्राप्त हुन सकेको छैन। गरिबीकै कारण रोजगारीका लागि प्रत्येक दिन दुई हजार पाँच सयभन्दा बढी युवा विदेश जान्छन्। परिणामस्वरूप खेतीपाती गर्ने मानिसको अभावमा जग्गाजमिन बाँझो भएको छ। ऊर्जाशील जनशक्ति गाउँ छोड्ने क्रम बढिरहेको छ। घरमा बुढा बाआमा मात्र रहँदा देशको अर्थतन्त्र खस्कँदै गएको छ।

गरिबी कम गर्ने सम्बन्धमा जोखिममा परेका वर्ग, क्षेत्र र विपन्नलाई लिएर लक्षित कार्यक्रम सञ्चालनमा आएका छन्। अझ स्थानीय सरकार आएपछि यसमा बढोत्तरी भएको छ। बिनाअध्ययन सबैलाई एउटै डालोमा राखेर कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गमा लगानी पुग्न सकेको देखिँदैन। गरिबीको पहिचान गर्न नसक्नाले निम्न आय भएका वर्ग सुविधाबाट वञ्चित छन्। यसले गरिब झनै गरिब हुँदै गएका छन्। यसले देशको आर्थिक वृद्धिदर पनि विशेष क्षेत्र र वर्गमा मात्र आधारित भएको छ।

नेपालको आर्थिक वृद्धिदर समान किसिमको छैन। सीमित क्षेत्रमा आधारित भएको छ र रोजगारी बढाउने किसिमको देखिँदैन। कृषिप्रधान देश भए पनि कृषि क्षेत्र खस्कँदै गएको छ। कृषि क्षेत्र यस्तो क्षेत्र हो, जसले कुल गार्हस्थ उत्पादनमा अहिले पनि २४ प्रतिशतभन्दा बढी योगदान गरिरहेको छ। यो क्षेत्रको विकास गर्न सकियो भने ठुलो जनसंख्या आर्थिक विकासमा सहभागी हुन सक्छन् र गरिबी निवारणमा स्वतः सहयोग पुग्न जाने देखिन्छ।

गरिबी सबै क्षेत्रसँग सम्बन्धित छ। एउटा क्षेत्रको प्रयासबाट मात्र यसको न्यूनीकरण सम्भव छैन। त्यसकारण गरिबी निवारणका लागि सबै मन्त्रालय तथा अन्तर्गत निकायबाट कार्यक्रम सञ्चालन भएका पनि छन् तर उपलब्धि भने आशा गरिए अनुरूप देखिँदैन। अहिले यही नै मुख्य समस्याका रूपमा देखिन्छ। राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता बेगर गरिबी निवारण गर्न सम्भव नभएको हुनाले यसतर्फ कार्यक्रम लक्षित हुनु पर्छ।

गरिबीको शत्रु भनेको भ्रष्टाचार हो। सुशासनको अभावमा देशमा भ्रष्टाचार बढ्दै गएको छ। भ्रष्टाचारबाट आर्जित भएको सम्पत्तिले देशको अर्थतन्त्रलाई धराशायी बनाएको छ। वित्तीय स्रोतसाधनलाई ओझेलमा पार्छ। थोरै मानिसको हातमा धेरै स्रोतसाधनको पहुँच हुँदा अर्थतन्त्र चलायमान हुन सक्दैन। व्यक्तिको हातमा पैसा नपुग्ने हुन्छ। बेरोजगारी सिर्जना हुन जान्छ, जसले गरिबी घट्नुको साटो बढ्दै जान्छ। ठुला ठुला काण्ड हुने र त्यसमा उच्च वर्गको संलग्नता रहेसम्म भ्रष्टाचार निर्मूल गर्न सकिँदैन। भ्रष्टाचार निर्मूल नपारेसम्म गरिबी बढी रहन्छ। त्यसैले सबभन्दा पहिले भ्रष्टाचारलाई निर्मूल गर्नु पर्दछ।

रोजगारी बढ्न सक्यो भने जनताको आय बढ्छ। आय वृद्धिमा हुँदा मानिसलाई खान, बस्न र लाउनका लागि कुनै समस्या हुँदैन। क्रमिक रूपमा जीवनस्तरमा सुधार हुँदै जान्छ र गरिबी पनि घट्दै जान्छ। त्यसकारण गरिबी निवारणका लागि रोजगारीको अवसर ल्याउनु पर्दछ। यसका लागि देशमा उद्योगधन्दा, कलकारखाना, व्यापार, व्यवसाय सञ्चालन गरिनु पर्दछ। कोभिडपश्चात् औद्योगिक वातावरण खस्कँदै गएकाले पनि गरिबीमा सुधार हुन नसकेको हो।

वित्तीय स्रोतसाधनको अभावले प्राकृतिक सम्पदाको सदुपयोग गर्न सकिएको छैन। अपार जलविद्युत्‌को सम्भावना हुँदाहुँदै पनि कार्यान्वयन गर्न सकिएको छैन। ठुलो मात्रामा देशको पानी त्यसै खेर गइरहेको छ। विद्युत्‌का ठुला ठुला आयोजना निर्माण गरेर बिजुली निर्यात गर्न सकिने अवसरलाई त्यसै गुमाउनु परेको छ। विद्युत् आयोजना निर्माण गरेर गरिबी घटाउन सकिन्छ।

हाम्रो शिक्षा प्रणाली पनि आयआर्जन गर्ने किसिमको छैन। साधारण शिक्षाले मानिसको जीवनस्तरमा सुधार ल्याउन सक्दैन। अहिलेको अवस्थामा रोजगारमूलक शिक्षा प्रणाली आवश्यकता छ। प्राविधिक शिक्षा तथा सिपमूलक शिक्षा प्रणालीमा जोड दिएर गरिबी घटाउन सकिन्छ।

हाम्रो अर्थतन्त्र नै परनिर्भर छ। देशमा औद्योगिक वातावरण कमजोर हुँदै गएकाले सामान्य जीवनयापनका लागि आवश्यक वस्तु पनि आयात गर्नुपर्ने अवस्था छ। नौ रुपियाँको वस्तु आयात गर्दा एक रुपियाँको वस्तु मात्र निर्यात गरेका छौँ। यस्तो आयातनिर्यातले देशको उत्पादनमा प्रतिकूल प्रभाव पारेको छ। यसले पनि गरिबी बढाउन मद्दत गर्छ। यसमा सुधार ल्याउनका लागि आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात बढाउनु पर्छ।

आर्थिक गतिविधि बढ्न नसक्ने तर देशको जनसंख्या भने बढ्दै जाँदा राष्ट्रिय आयमा कमी आउनु स्वाभाविकै हो। धेरै मुखलाई थोरै आम्दानीले भरथेग गर्न सकिँदैन र गरिबी बढ्ने अनुकूल वातावरण हुन्छ। त्यसकारण जनसंख्या नियन्त्रण गरेर आयआर्जन बढाउने कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

जनताको स्वास्थ्य अवस्था कमजोर हुन गयो भने उसले उत्पादनमुखी कार्य गर्न सक्दैन र निम्न आय प्राप्त हुन्छ। देशको राजनीति अस्थिर हुँदा पटक पटक सरकार गठन र विघटन हुन्छ। अनि अर्थतन्त्रले पनि स्थायित्व लिन सक्दैन। अस्थिर आर्थिक नीतिले आर्थिक गतिविधिमा सकारात्मक नतिजा ल्याउन सक्दैन। देशको अर्थतन्त्र परनिर्भर भएकाले अन्तर्राष्ट्रिय बजारमा भएका आर्थिक पविर्तनले देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पार्दै आएको छ। पेट्रोलियम र अन्य उपभोग्य वस्तुको मूल्य बढेका कारण गर्दा भुइँमान्छेको जीवनस्तर कष्टकर बन्दै गएको छ। सामान्य उपभोगका वस्तु स्वदेशमा उत्पादन गर्न सकियो भने एकातिर रोजगारीमा वृद्धि गरेर आय बढ्न सक्छ भने अर्कातर्फ विदेशी मुद्रा सञ्चिति बढाउन सकिन्छ।

गरिबी निवारण गर्ने सम्भावना प्रशस्त छन्। अहिले पर्यटन क्षेत्र केही फस्टाउँदै गएको छ। यो क्षेत्र यस्तो हो कि जति प्रयोग गरे पनि कहिल्यै सकिँदैन। हाम्रा हिमाल सधैँ रहिरहन्छन्। अपार पानीका मुहान कहिल्यै सुक्दैनन्। कुल गार्हस्थ उत्पादनमा कृषिको स्थान महत्वपूर्ण रहेको छ र घरका सबै सदस्यले काम पाउन सक्ने अवस्था यसमा हुन्छ। स्थानीय स्रोतसाधन र सिपको प्रयोग गरेर सानातिना घरेलु उद्योग सञ्चालन गर्न सहज छ। आर्थिक रूपले सक्रिय जनसंख्या र काम गर्ने अनुकूल वातावरण पनि छ। त्यसैले गरिबी निवारण गर्ने कार्य त्यति कठिन देखिँदैन। आवश्यकता छ- राजनीतिक प्रतिबद्धता र प्रशासनिक क्षमताको।

# विदेशमोह रोक्ने सूत्र



• डा. वासुदेव गिरी

जीवन भनेको एक किसिमको यात्रा नै हो। जिन्दगीको यस्तो यात्रा न बाल्यकालमा अगाडि बढ्छ न त वृद्धावस्थामा नै। यात्रा अगाडि बढ्छ त केवल युवा अवस्थामा। किनकि यो उमेर भनेको आफ्नो भाग्यरेखा आफैँ कोर्ने समय पनि हो। १६ वर्ष उमेर पुगेर ४० वर्ष ननाघेको उमेर समूहको जमात नै वास्तविक युवा हो। कुनै पनि देशको विकासका लागि युवा भनेका महत्वपूर्ण शक्ति र सम्पत्ति हुन्। उनीहरू तुरुन्तै केही होस् भन्ने चाहन्छन्। यस्तो जमातको ज्ञान, सिप र क्षमताको सही सदुपयोग गर्न सकियो भने राष्ट्र निर्माणमा ठुलो सहयोग पुग्छ। देश विकासका लागि युवा जनशक्ति परिचालन गर्नु पर्छ भनेर नेपालको संविधानले 'युवा नीति २०७२' लागु पनि गरेको छ। विश्वमै युवाको महत्व बढ्दै जाँदा नेपालले भने आफ्ना युवाशक्तिलाई देशभित्रका विभिन्न सम्भावनायुक्त क्षेत्रमा अझै परिचालन गर्न सकेको छैन। अर्कातिर हाम्रा युवामा विदेशमा मात्रै भविष्य देख्ने सोचाइ सकिनसकी हुर्किँदै र झ्याँगिँदै गएको अवस्था छ।

हुन त यो युग भनेकै विश्वव्यापीकरणको हो। यस्तो युगमा हरेक मानिस आफू जन्मेकै ठाउँमा बसिरहनु पर्छ भन्ने सोच पनि एक किसिमले अतिवादी सोच हुन सक्छ। फेरि युवा भनेकै गतिशील र चलायमानको समूह भन्ने बुझिन्छ। उनीहरूको इच्छा नयाँ ठाउँ जाने सिक्ने, कमाउने र रमाउने हुन्छ। यसो भन्दैमा सिक्न र कमाउन विदेशनै जानु पर्छ भन्ने पनि छैन। हाम्रा युवामा विदेशप्रति बढ्दै गएको मोह कसरी रोक्न सकिन्छ त भन्ने सन्दर्भमा यस आलेखमा केही सम्भावित थेरापी प्रस्तुत गर्ने जमर्को गरिएको छ।

**शिक्षा प्रणाली/नीतिमा व्यापक सुधार**

नेपालको शिक्षा प्रणाली बढी डिग्रीमुखी छ, रोजगारमुखी एवं उद्यममुखी कम छ। विद्यालय र कलेजमा सिकेको कुराको वास्तविक जीवनसँग धेरै सरोकार हुँदैन। जसका कारण विद्यार्थी रोजगारदाता संस्थामा गएर सजिलैसँग काम गर्न सक्दैनन्। हाम्रा युवासँग डिग्री त छ तर बजारले माग गरे अनुसारको उनीहरूमा ज्ञान र सिप छैन। युवालाई प्राविधिक, व्यावहारिक तथा व्यावसायिक शिक्षाका साथै आवश्यक सिप उपलब्ध गराउन सकियो भने उनीहरू कार्यस्थलमा सजिलैसँग काम गर्न सक्छन्। अर्कातिर गुणस्तरीय र रोजगारमूलक शिक्षाको अभावले हामीलाई अपाङ्ग बनाएको छ। हाम्रो शिक्षा प्रणालीमै व्यापक सुधार गरी गुणस्तरीय एवं विद्यार्थीमा उद्यमशीलता विकास गर्ने शिक्षा प्रदान गर्न सकियो भने यसले उनीहरूलाई जागिरे मानसिकताबाट माथि उठाई उद्यमी बन्न प्रोत्साहन गर्छ। जसले गर्दा उनीहरू व्यावसायिक र स्वरोजगार बन्छन्। विद्यालय र कलेजले प्रदान गर्ने शिक्षा गुणस्तरीय र विश्वविद्यालयले दिने शिक्षा अनुसन्धान, अन्वेषण र ज्ञानमा आधारित हुन सकेमा स्वाभाविक रूपमा युवा बिदेसिने छैनन्। आफ्नै देशमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर र उद्यमशीलता एवं स्वरोजगार बन्ने परिस्थितिले युवामा विदेशप्रतिको मोह भङ्ग हुन सक्छ।

**पढ्ने र कमाउने अवसर सिर्जना गर्ने**

हामीकहाँ विदेशमा जस्तो (खास गरी अमेरिका, अस्ट्रेलिया, क्यानडा र अन्य युरोपेली मुलुक) कमाउँदै पढ्दै गर्ने अवसर छैन। जति छ त्यो नगण्य छ र कमाइ पनि ज्यादै कम हुन्छ जसले कुनै अर्थ राख्दैन। फेरि अर्कातिर हामीकहाँ काम गरेर महिना मरेपछि मात्र तलब दिने प्रचलन छ, अझ कतिपय रोजगारदाता संस्थाले त आर्थिक अनुशासन नै पालना गर्दैनन् र तलब पनि तीन/चार महिनापछि मात्र दिन्छन्। यसले गर्दा काम गर्ने व्यक्तिले खर्च चलाउनै सक्दैन। स्वदेशमै काम गर्दै पढ्ने प्रणालीको विकास गर्न सकियो भने युवाको विदेशमोह स्वतः कम हुन्छ। यसका अतिरिक्त विदेशमा जस्तै हप्ता हप्ताको अन्त्यमा पारिश्रमिक दिने प्रणाली अपनाउन सकेमा थप प्रभावकारी बन्न सक्छ।

मुलुकको विकासका स्रोतमा आधारित शैक्षिक व्यवस्था र त्यसमा शिक्षित युवा परिचालन हुन सक्यो भने अध्ययनका लागि विदेश पलायन हुनेको संख्या पनि घट्दै जान्छ। युवाका लागि लक्षित कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम 'पढ्दै कमाउँदै कार्यक्रम' कार्यविधि, २०७८ पनि आयो तर यसबाट लक्षित युवा वर्गले सोचे अनुसारको लाभ लिन भने सकेनन्। यसलाई प्रभावकारी कार्यान्वयन गर्न सकियो भने यसले अवश्य पनि पढ्नकै लागि भनेर युवाको विदेश जाने क्रमलाई घटाउन सकिन्छ।

**कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधि क्षेत्रमा रोजगारी सिर्जना**

नेपालको विकास र समृद्धिको आधार भनेकै कृषि, पर्यटन र जलस्रोत हुन्। कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र वैज्ञानिकीकरण गर्न सकेमा पर्याप्त रोजगारी यही क्षेत्रले सिर्जना गर्छ। यसले एकातिर गुजारामुखी कृषि प्रणालीलाई विस्थापित गर्छ भने अर्कातिर मुलुकलाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँछ। त्यस्तै पर्यटन र जलस्रोत पनि उत्तिकै सम्भावना बोकेको क्षेत्र हो। यसमा गरिने लगानीले प्रचुर मात्रामा रोजगारीका अवसर सिर्जना गर्छ। यो युग भनेको २१ औँ शताब्दीको युग हो अर्थात् सूचना प्रविधिको युग हो। अहिले संसार म्यानुअल प्रविधि अर्थात् ढङ्गामा आधारित प्रविधिबाट डिजिटल प्रविधिमा फड्को मारिरहेको छ। चाहे सरकारी होस् वा गैरसरकारी सबैतिर प्रविधि नै प्रयोग बढ्दो छ। सरकारले सूचना प्रविधिमैत्री नीति ल्याउने हो भने यस क्षेत्रमा लाखौँको रोजगारी सिर्जना गर्न सकिन्छ। यसरी कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधिको क्षेत्रमा एक किसिमको क्रान्ति हुन सक्यो भने युवाको विदेशमोह भङ्ग हुन सक्छ।

**मातृभूमिप्रतिको कर्तव्यबोध गराउने**

मुलुकको राजनीतिले युवामा आशा र भरोसा जगाउन सक्नु पर्छ। युवामा मुलुकभित्रै केही गर्नु पर्छ भन्ने देशभक्तिको भावना जाग्यो भने राजनीतिले विभिन्न अवसरको सिर्जना गर्न सकेमा देशमा भ्रष्टाचाररहित सुशासन कायम गर्दै दण्डहीनताको अन्त्य भएमा र उज्यालो भविष्य देखाउन सक्ने विकास र समृद्धितर्फ देशलाई अगाडि बढाउन सकेमा युवा पलायन रोक्न सकिन्छ। मुलुकमा राजनीतिक रूपमा लोकतान्त्रीकरण, आर्थिक रूपमा उदारीकरण, सामाजिक रूपमा समावेशीकरण, शासकीय रूपमा विकेन्द्रीकरण अर्थात् संघीयकरण र प्रशासनिक रूपमा सुदृढीकरण हुन सक्यो भने यसले एकातिर मुलुकको विकासमा सहयोग पुग्छ भने अर्कातर्फ युवामा मुलुकप्रतिको माया जाग्दै आफ्नै देशमा केही गरौँ भन्ने भावनाको विकास हुन्छ। यसले गर्दा अवश्य पनि युवाको विदेशप्रतिको मोह भङ्ग हुन सक्छ।

**बसौँ बसौँ लाग्ने वातावरण तयार गर्ने**

अधिकांश युवा बिदेसिने प्रमुख कारणमध्ये एउटा कारण यहाँको वातावरण पनि हो। गाउँमा विकास भित्रिएको अवस्था छ, पूर्वाधार पनि बनिरहेकै छन् तर यति हुँदाहुँदै पनि गाउँमा युवा बस्न चाहँदैनन् किनकि एक त रोजगारी छैन अर्को पढेलेखेका युवा गाउँमा छँदै छैनन् भने पनि हुन्छ। जति छन् बेरोजगार छन्, त्यसैको कारणले उनीहरूको फरक जीवनशैली छ जुन शैली समाजले त्यति रुचाउँदैन।

अर्कातिर सहरी युवा र सहरमा रहर खोज्न हिँडेका युवा पनि यहाँको सुस्त विकास, हरेक काममा ढिलासुस्ती, बढ्दो प्रदूषण र विविध कारणले पनि उनीहरूको विदेश मोह बढ्दै गएको छ। आफ्नै गाउँ र स्वदेशमा नबसे पनि बसौँ बसौँ लाग्ने लोभलाग्दो वातावरण सिर्जना गर्न स्थानीय सरकारदेखि संघीय सरकारसम्मले पहल गरेमा गाउँबाट सहरमा बसाइँ सरेका र स्वदेशबाट परदेश गएकाहरू पनि अवश्य फर्किन्छन्। विदेश जाने प्रमुख कारण यहाँ विकल्प र वातावरण नभएर हो। राज्यले विकल्प र वातावरण दिन सक्यो भने निश्चय पनि युवामा विदेश मोह होइन, स्वदेश मोह बढ्दै र झ्याँगिँदै जाने निश्चित प्रायः छ।

# जलथल वनभित्र पाइने जैविकताको सुरक्षा खोई ?

• द्रोण अधिकारी

धुमधामसित वातावरण दिवस मनाउने सरकारी तयारी चलिरहेको छ । गैरसरकारी संघ संस्था पनि सामाजिक उत्तरदायित्वअन्तर्गत वातावरण दिवस मनाउन व्यानरको तयारी गर्दैछन् । वनसम्बद्ध संस्था बिरूवा रोप्ने भनेर तीव्र प्रचार गरिरहेका छन् । हरेक वर्ष देशभरि एक- दुई दिन यस्ता काम हुँदै आइरहेका छन् तर वातावरण क्षयीकरण घटेको अवस्था छैन । वातावरणकै सेरोफेरोमा रहेको एउटा सानो प्रसंग गहिरिएर बुझौं है त ।



चारकोशे झाडीको एउटा सानो अवशेषका रूपमा रहेको जलथल वन नेपालको सुदूर पूर्वको एक मात्र जैविक विविधता बोकेको प्राकृतिक सम्पदा हो । पूर्वी दक्षिणी झापाको भद्रपुर, कचनकवल, हल्दिवारी तथा बाह्रदशी गाउँपालिकाको सिमानासित गासिएको यस वनभित्र पाइने जैविकताको संरक्षणका लागि स्थानीय सरकार मुख्य जिम्मेवार हुनु पर्ने हो । नेपालमा रहेको वन क्षेत्रमध्ये विरलै मानिएको जैविक विविधताको वृहद स्वरूप भएको एक मात्र वन क्षेत्रभित्र जलथल वन पर्दछ । एशिया महादेशमा रहेका वनहरूमध्येमा अधिक जैविक विविधता संरक्षित भएको मानिएको जलथल जंगल पछिल्ला वर्षहरूमा संकटमा पर्दै गएको छ । यस जंगलको संरक्षणको दायित्व पाएका सरोकारवालाहरू जैविक विविधता अनुकूल संरक्षणका काम गर्न असफल हुँदै गएका छन् । जैविक विविधता दिवसका दिन चिन्ता व्यक्त गर्छन् । मौका मिल्यो भने डलरको खेती पनि गर्छन् तर वर्षभरी अन्य दिन कता हराउँछन् पत्तो हुँदैन । यसैकारण यस वनमा पछिल्ला वर्षहरूमा वनमारा प्रजातिका झार तथा लहराहरूका कारण स्थानीय तथा रैथाने वनस्पति तथा आश्रित जीवको जीवनचर्यामा समेत संकट पैदा हुँदै गइरहेको छ । वनभित्र रहेका पानीका मुहान सुक्दै जाँदा जलचर तथा स्थल प्राणीको आहारा व्यवस्थापनमा पनि संकट पैदा हुँदैछ । यस वनमा रैथाने रूपमा बस्न थालेका हात्ती आहारा र पानीको अभावकै कारण आसपासका गाउँबस्तीमा पसेर अन्न बाली नष्ट गर्ने तथा जनधनको क्षति गर्ने क्रम बढिरहेको छ । मिचाहा प्रजातिका झार तथा लहराका कारण चरिचरण अभावमा परेका हात्ती, मृग,बँदेल, निलगाई लगायत स्थल प्राणी संकटको सामना गरिरहेका छन् ।कतिपय विश्वमै नपाइने वनस्पति र जीव समेत पाइने जलथल जंगललाई जोगाउनु पर्ने दायित्व भएकाहरू अरूले नै केही गर्लान् कि भनेर आशा राख्दै अनुदान वा आर्थिक सहयोगका लागि चिन्ता देखाएर दायित्वबाट भाग्दै गएको अवस्था छ । यस्तो अवस्थाको अन्त्य नभएसम्म जलथल जंगलसित जोडिएको जैविक विविधता संरक्षित हुने छैन । वर्षमा एकचोटी विज्ञ सहितका सरोकारवालाले जलथल वन अवलोकन तथा अन्तरक्रिया कार्यक्रमका गर्ने गरेका छन् । यस्ता कार्यक्रमले रूख मात्र जोगाउने नभएर वनमा रहेका सम्पूर्ण जैविक विविधता जोगाउन वन समूहहरुको दायित्व बुझाउन सकेको अवस्था पनि छैन । जलथल जंगल वास्तविक सिमसार भएको वन क्षेत्र हो तर, केही वर्षयता त्यस क्षेत्रको पानी अप्रत्यासित रूपमा घट्ने क्रम तीव्र हुँदा सुख्खा क्षेत्र बन्ने जोखिम बढ्दै छ । यस अवस्था निर्माण हुनुको कारण खोज्न विज्ञहरूको सहयोग आवश्यक परेको अवस्था छ । जिम्मेवार हुनु पर्ने स्थानीय, प्रदेश र संघीय सरकारका प्रतिनिधिले पनि आवश्यकता अनुसार जिम्मेवारी प्रस्तुत गर्न सकेका छैनन् ।

स्थानीय सरकार जलथल वनलाई पर्यटकीय क्षेत्र बनाउन सडक विस्तारको तानाबाना बुनेर गिटी बालुवाले घेर्न लागिरहेको अवस्था छ । जंगललाई पर्यटकीयस्थलको रूपमा विकास गर्न आवश्यक भएपनि जैविकतालाई नास गर्ने गरी भौतिक संरचनाको निर्माण आवश्यक नरहेको स्थानीय सरकारलाई बुझाउन जरूरी देखिएको छ । जैविक विविधता जोगाउन कसैलाई पनि जंगलमा प्रवेश गर्न दिनु हुँदैन भन्ने ज्ञान पनि जरूरी छ । यस जंगलको सिमसारको विशेषतालाई उजागर गरी रामसारमा सूचीकृत गर्नसके विश्वमा पर्यापर्यटनका लागि एकीकृत विकास गर्न सकिने छ । त्यसका लागि ठूलो लगानी र प्रयास चाहिने आवश्यकता पनि बुझ्न जरूरी छ । नेपालकै होचो ठाउँमा अवस्थित यस जंगलमा संसारमै नपाइने ६ वटा रुखका प्रजाति र ३ वटा वनस्पति भेटिएको विज्ञहरूको विभिन्न प्रतिवेदनमार्फत ठहर छ । जलथल जंगल जैविक विविधताले नेपालकै धनी भएको प्रमाण पनि यही हो । यस जंगलमा रहेको सिमसारमा पानीको मुहान सुक्दै गएको , वन्यजन्तुहरु नासिदै गएको, चराचुरुङ्गीहरु हराउँदै जानु चिन्ताको विषय हो । मानवको आर्थिक विकास सँगसँगै जैविकताको पहिचान रहेको सिमसारलाई पनि विकसित गर्दै लैजानु पर्छ । तर, वन क्षेत्रको रामसार लोप हुनेगरी कुनै पनि गतिविधि समेटिनु हुँदैन । गिटी बालुवाको भेल बगाउनु विकास भन्ने बुझेका सरकारी पक्षले जंगलको जैविकता नबुझेकै कारण दिन प्रतिदिन सिमसार सुक्ने र सुख्खाग्रस्त उजाड क्षेत्र बन्ने क्रम बढ्दै गइरहेको छ । विज्ञहरूका अनुसार यस वन क्षेत्रमा १७० किसिमका चरा , १५० किसिमका पुतलीहरू रहेका छन् । त्यस्तै कटुस , लटहर, बेत, सतिसाल जस्ता दुर्लभ वनस्पति, बदेल, हरिणजस्ता वन्यजन्तु यस वनको रैथाने प्रजातिमा पर्दछन् । केही वर्षयता सालक, बाँदर जस्ता वन्यजन्तु लोप हुँदै गएका छन् । जलथल जंगललाई हात्ती करिडोरको रूपमा विकास गर्न सकिने संभावना छ । हात्तीका लागि उपयुक्त हावापानी भएको यस वनमा झापामा आइपुग्ने पाहुना हात्ती समेत बास बस्न आउने गरेका छन् । जैविक विविधतामा एशियाकै धनी यस जंगललाई संरक्षण र संवर्द्धन गर्न सवै लाग्ने हो भने जैविकता सुरक्षित हुन्छ । यस जंगलमा माइकेनिया प्रजातिको मिचाहा झारले स्थानीय प्रजातिमाथि नकारात्मक प्रभाव पारिरहेको छ । पूर्वी दक्षिणी झापाको पहिचान रहेको यस जंगलले झापाका करिव १८ हजार हेक्टर वन क्षेत्रमध्ये एकतिहाई भाग ओगटेको छ । जलथल वनभित्र २२ वटा वन समूहहरू रहेका छन् । यी समूहहरूले रूख जोगाएका भए पनि जैविकता बचाउन सकेको अवस्था छैन । पहिलो संरक्षणको हिस्सेदार स्थानीय सरोकारवालाका रूपमा वन समिति हुन् भने स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार पनि जैविकता संरक्षणका लागि मुख्य जिम्मेवार हुन् । नीति, विधि र प्रकृयाबाटै जलथल वनसित जोडिएको जैविकता सुरक्षित हुनु पर्छ । वर्षमा एक दिन चिन्ता गरेर यस वनको जैविकता बच्ने छैन । यसैले सबैले सोच्नु पर्दछ कि जलथल वन दक्षिणी झापाको मात्र सम्पत्ति नभएर विश्व सम्पदा भएकाले संरक्षणका लागि हातमा हात दिन आवश्यक छ । कहीँ कतैबाट आर्थिक सहयोग मिल्छ कि भनेर एनजिओ आइएनजिओ चलाउनेहरूको प्रवेशले जलथल वनको संरक्षण हुँदैन । यो वन कुनै व्यक्तिको गरिखाने भाँडोभन्दा पनि पर्यावरणको सुरक्षाका लागि संरक्षित हुनु पर्दछ । नीति तथा विधिमार्फत सरकारले श्रोत परिचालन गरेर यस वनको संरक्षणका लागि काम नगरेसम्म जलथल वनको संरक्षण वर्षमा एक दिन जैविक दिवस तथा वातावरण दिवस मनाउने दिन मात्र जंगल घुमेर रमाइलो गर्दै तस्वीर खिच्ने अवसर भइरहेको छ । भखैरै यसै जंगलसित जोडिएको एउटा सामुदायिक वन समितिका पदाधिकारीको मिलिभगतमा दर्जनौ रूख अवैध रूपमा कटान गरी बिक्री वितरण गरेको आरोपमा डिभिजन वन कार्यालय झापाले नियन्त्रणमा लिएको खवर बाहिरिएको छ । यस वन क्षेत्रमा रहेका उपभोक्ता समितिको नियमन गर्न सव डिभिजन वन कार्यालय जलथल वनकै छेउमा राखिएको छ । समितिका मान्छेले अवैध रूपमा रूख काटिरहँदा वन कर्मचारीले थाहा पाएनन् त ? अथवा अवैध रूपमा बेचिएको काठको हिसाव नमिलेपछि समितिका पदाधिकारी पक्राउ गरियो ? यस प्रश्नको उत्तर दिने निकाय कहाँ छ ? भएको वन संरक्षित गर्न नसक्ने अनि वातावरण दिवसमा रूख रोपेर वातावरण सुध्रन्छ त ?

## चार पुस्तादेखि...

बाटो रोजे । दिनहुँ चिया बगानमा पत्ती नटिपे वा बगानमा काम गर्न नआए साँझ चुलो पनि नबल्ने मुन्की करुवा बताउँछिन् ।

उनका पनि एक छोरा र एक छोरी छन् । छोराछोरीले पढ्न पाएका छैनन् । उनको पनि कम दुःख छैन । अहिले छोराछोरी नै चिया बगानमा मजदुरकारुपमा काम गर्छन् । छोरीको भने विहे भईसकेको छ ।

'पुस्तौ मजदुरीमै बित्यो, कहिले सुख पाइनँ,' उनले भनिन् । मजदुरीबाट कमाएको रुपैयाँ घरव्यवहार चलाउनमै खर्च हुने गरेको उनले सुनाईन् । त्यही भएर पढाई छाडेर छोराछोरीलाई समेत आफूसँगै मजदुरीमै ल्याएको सुनाउँछिन् । जति नै दुःख गरेपनि यी मजदुरहरुले सुखको श्वास फेर्न कहिल्यै नपाएको गुनासो गरेका छन् । बगानले दिएको थोरै जगामा सानो कटेरो बनाएर बडो दुःख कष्ट गरेर बस्नु परेको पीडा उनीहरुको छ ।

'दिनभरि काम गरेर थाकेको शरीरलाई राम्ररी आराम दिन सकिदैन 'मुन्कीले भनिन्–' आकाशबाट खसेको पानीलाई छानोले रोक्न सक्दैंन, रातभरि भाडा थापेर रात कटाउनु पर्छ । छानोले न घाम छेक्छ न पानी यस्तै छ हामी मजदुरको जिन्दगानी । ' नेपाल स्वतन्त्र चिया मजदुर यूनियनका पूर्व केन्द्रीय सदस्य रामचन्द्र अधिकारीका अनुसार सतिघट्टा चिया बगानमा करिव डेढदेखि दुईसय मजदुर छन् । उनीहरु तीन-चार पुस्तादेखि मजदुरी गर्दै आएका छन् ।

तर, पनि सवैको जीवनस्तर खासै माथि उठ्न सकेको छैन । 'हजुरबाबुले पनि यसैगरी, बाबुआमाले पनि त्यही काम गरे, हामीले पनि यसैलाई निरन्तरता दिनुपर्छ भन्ने सोचका कारण पनि आज पुस्तौपुस्तादेखि चिया मजदुरमै छन् ' अधिकारीले भने । केही परिवारका चार पुस्ताले समेत मजदुरी गरेको अभिलेख भेट्न सकिने अधिकारीको भनाई छ । ' एकै परिवारका चार जनासम्म अहिले बगानमा मजदुरी गर्दै आएका छन्,' उनले भने,

राजनका हजुरबुवाले काम गर्दा उनको ज्याला १ रुपैयाँ ५० पैसा थियो । तेस्रो पुस्ताकोरुपमा १७ वर्षको उमेरदेखि चिया बगानमा मजदुरी गर्दै आएका राजनको जीवनमा पनि खासै परिवर्तन आउन नसकेको पीडा उनी सुनाउँछन् । उनको शुरुको ज्याला १० रुपैयाँ थियो । 'घरको आर्थिक अवस्था कमजोर थियो, खान लगाउन नै धौ धौ थियो । पढन सकिएन् अनि बाबु बाजेले जे काम गरे त्यसैलाई निरन्तरता दिन थालियो 'उनले भने ।

'अहिले पो दैनिक ४ सय ३५ रुपैयाँ ज्याला भयो । शुरुमा त थिएन । मैले २ रुपैयाँ ५० पैसा हाजिरा हुँदादेखि काम गरेको हुँ । अहिले ४ सय ३५ भएपनि काम भएको दिनको मात्र हाजिरा पाईन्छ । घर चलाउन निकै कठिनाई छ ' उनले दुःख सुनाए । यो चिया बगान यहाँका मजदुरका सन्तानका लागि लागि वैदेशिक रोजगारी मुलुकझैं भएको राजनले बताए । बगानमा काम गरेर कर्मी परिवारका सबैको गरेर सातामा सात हजार पाँचसय रुपैयाँ आउँछ । यो कमाइले घर खर्च राम्रो चलेको भए पनि भनेजस्तो घर बनाउन नसकेको भनाई छ । चिया बगानमा कार्यरत मजदुरलाई आर्थिक रुपमा जीवन चलाउन समस्या भएको छ ।

तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले १९२० सालमा चीन भ्रमणबाट फर्कने क्रममा चियाको बीउ उपहारमा ल्याएका थिए । त्यसयता ब्रिटिस सरकारको इष्ट इन्डिया कम्पनीमार्फत दार्जिलिङको विभिन्न पहाडी भागमा चियाको खेती भएको थियो । दार्जिलिङको चियाको खेती हेरेर नेपालको पहाडी क्षेत्र सर्वप्रथम इलाममा चिया रोपण गरिएको थियो । त्यसपछि पाँचथर, ताप्लेजुङ र धनकुटामा चियाको खेती गर्न शुरु गरेको इतिहास छ ।

इलाममा तीन हजार तीन सय ९३ हेक्टरमा चिया खेती हुँदै आएको छ भने झापामा सात हजार एक सय ९५ हेक्टरमा चिया खेती हुँदै आएको छ । झापामा एक हजार ६ सय भन्दाबढी चिया बगान रहेका छन् ।

## झापामा बाढीको ...

नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेललगायतको उपस्थिति थियो । यसैबीच, अभ्यास कार्यक्रमपश्चात् गणले आयोजना गरेको बृक्षरोपण कार्यक्रममा धुपीलगायत फलफूलका बिरुवा रोपिएको छ । गणले उपलब्ध गराएको लिची, जामुन, अमला, गुलमोहरलगायतका २३६ वटा बिरुवा रोपिएको हो । कार्यक्रमका अतिथि तथा अन्य सहभागीहरुले ती बिरुवा रोपेका थिए ।

झापा जिल्लाका १५ पालिकामध्ये बाढीको उच्च जोखिममा ६ पालिका छन्। गौरीगञ्ज, कचनकवल, बाह्रदशी, कमल गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढीको उच्च जोखिममा रहेका हुन् । मेचीनगर, गौरादह, अर्जुनधारा, कनकाई, दमक नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने हल्दिबारी, बुद्धशान्ति गाउँपालिका र बिर्तामोड नगरपालिका न्यून जोखिममा छन्। यो वर्ष अत्यधिक वर्षा हुने मौसम विभागको प्रक्षेपणअनुसार जिल्लामा करिब आठ हजार ९१९ घरधुरी बाढीका कारण प्रभावित हुने आँकलन गरिएको छ । जिल्लामा बाढीबाट विस्थापित हुनसक्ने परिवारलाई राख्न सम्बन्धित स्थानका विद्यालय, सामुदायिक भवन, रेडक्रस, स्वास्थ्यचौकीलगायतका २५० वटाभन्दा बढी स्थानलाई आकस्मिक आश्रयस्थल तोकिएको छ । बाढीका कारण जिल्लामा प्रत्येक वर्ष ठूलो धनजनको क्षति व्यहोर्नु परिरहेको छ ।

नेपाल रेडक्रस सोसाइटी झापा शाखाको तथ्यांकअनुसार सात वर्षमा बाढीकै कारण ६० जनाको मृत्यु भएको छ। २०७३ देखि २०७९ सम्ममा ६० जनाको मृत्यु र ६ जना बेपत्ता भएको तथ्यांकमा उल्लेख छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ